शिखर नगरपालिका
आर्थिक ऐन, २०८१

नगर सभा बाट स्विकृत मिती :२०८१।०३।१०
नगर सभा बाट पारित मिती :२०८१।०३।१७

शिखर नगरपालिका
तल्कोट, डोटी ।

## शिखर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१

प्रमाणिकरण मिति : २०८१।३।१७

२०८१ सालको ऐन नं. : १

**प्रस्तावना** : शिखर नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को (२) बमोजिम शिखर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "शिखर नगरपालिका आर्थिक ऐन, २०८१" रहेको छ

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि शिखर नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

२) **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले शिखर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ग) "सभा" भन्नाले शिखर नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधीले तोकिए बमोजिमलाई जनाउँछ ।

(ङ) "वडा" भन्नाले वडा समितिको कार्यालयलाई जनाउछ ।

(च) "कर" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन अनुसार लागेको वा लाग्ने कर सम्झनु पर्छ र यो शब्दले सो करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिखर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) "कर निर्धारण" भन्नाले यस ऐन र अन्य प्रचलित कानुन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण तथा संशोधित कर निर्धारण समेतलाई जनाउँछ ।

(झ) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले करको विवरण बुझाउन सुचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

३) **सम्पत्ति कर** : नगरपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ । घरको मुल्याङ्कन अनुसूची (२) अनुसार, घरको बनौटको आधारमा ह्रास कट्टी अनुसूची (३) अनुसार र जग्गाको मूल्याङ्कन अनुसूची (४) अनुसार गरिनेछ ।

**स्पष्टीकरण:** "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गालाई जनाउंदछ ।

४) **भूमि कर (मालपोत):** (१) नगरपालिका क्षेत्रभित्रका सम्पत्ति कर लाग्ने भूमि बाहेकमा अनुसूची (४) बमोजिम भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

(२) नगरपालिका क्षेत्रभित्र २०८१ असार मसान्त भन्दा अघाडी बुझाउनु पर्ने भुमि कर (मालपोत) वाफतको रकममा कर लागाउदा छुट वर्षको रकम समेत हालको दर रेटमा १५ प्रतिशत दण्ड जरिवाना सहित असुल उपर गरिनेछ ।

५) **बहाल कर:** (१) नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा सँस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (५) बमोजिम बहाल कर लगाई मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको लागि बहाल रकमको मूल्यांकन सम्वन्धी व्यवस्था अनुसूची (६) मा उल्लेख भएबमोजिम हुनेछ ।

६) **व्यवसाय कर:** नगरपालिका क्षेत्र भित्र उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायको प्रकिति, आर्थिक कारोवार, स्थान विशेष र लगानीलाई आधार लिई गरिएको बर्गिकरण अनुसार अनुसूची (७) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ ।

(२) नगर क्षेत्रभित्र विगत लामो समय देखि पेशा व्यवसाय संचालन भएका तर करको दायरामा नआएका व्यवसायहरुलाई करको दायरामा ल्याउनको लागि आर्थिक वर्ष २०७६।७७ बाट कर लिई पेशा व्यवसायको इजाजत दिइनेछ ।

७) **बहाल बिटौरी शुल्क :** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (८) अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

८) **जडीबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्रभित्र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका वस्तुको व्यावसायीक कारोवार गरेबापत अनुसूची (९) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

९) **सेवा शुल्क :** नगरपालिकाले उपलब्ध गराएका सेवामा अनुसूची (१२, १३, १४) बमोजिम सेवा शुल्क लगाई असुल उपर गरिनेछ ।

१०) **सवारी साधन कर :** सवारी साधन कर अनुसूची (१०) बमोजिम लगाई असुल उपर गरिनेछ ।

११) **प्राकृतिक स्रोत साधन विक्री :** नगपालिकाले आफ्नो क्षेत्रभित्र उपलब्ध हुने प्राकृतिक स्रोतहरु ढुङ्गा, गिटी, बालुवा, चुनढुगां, दहत्तर, बहत्तर आदिमा अनुसूची (११) बमोजिम न्यूनतम दर कायम गरी विक्री गरिने छ ।

१२) **दस्तुर :** नगरपालिकाले उपलब्ध गराएका इजाजत, प्रभाणित तथा सिफारिशमा सेवाग्राहीवाट अनुसूची ( १५,१६,१७,१८,१९,२०) बमोजिम दस्तुर लगाई असुल उपर गरिनेछ ।

१३) **सम्पत्ति बहाल:** नगरपालिकाको स्वामित्वमा रहेका भवन तथा मेसिनरी साधनहरुको न्यूनतम भाडा दर अनुसूची (२१) मा उल्लेख भए बमोजिम हुनेछ ।

१४) **दण्ड जरिवाना:** तोकिएको समय भित्र कर तथा शुल्क नबुझाउने तथा नगरपालिका क्षेत्रभित्र निषेध गरिएका कार्यहरु एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा अनुसूची (२२) बमोजिम जरिवाना गरिनेछ ।

१५) **कर तथा शुल्कमा छुट:** नगरपालिकाले अनुसूची (२३) मा व्यवस्था भए बमोजिम कर तथा शुल्कमा सहुलियत वा छुट दिईनेछ ।

१६) **पुनरावलोकन सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले गरेको कर शूल्क महशुल दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेका करदाताले नगरपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछन । यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिती गठन गर्नेछ ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर ३५ दिनभित्र पुनरावलोकन समितीले छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

१७) **कर फिर्ता सम्बन्धी व्यवस्था:** करदाताले यस ऐन बमोजिम कर बुझाउदा तिनुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ । सो व्यहोरा साचो देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

१८) **अन्य व्यबस्था:** (१) नगरपालिकाका अन्य शाखा तथा वडाहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ । तर, नागरिकताको सिफारिश तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन ।

(२) अन्य स्थानीय तहमा कानुन बमोजिम दर्ता/नविकरण भएका कम्पनी, फर्म, संघसंस्थाहरुले सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन नगरपालिकामा पुनः व्यवसाय दर्ता गर्नुपर्ने छैन ।

(३) नगरपालिकाले कर तथा शुल्कहरु संकलनकोलागि अग्रिम सूचना दिन, करको अभिलेख राख्न तथा कर संकलनकोलागि विद्युतिय माध्यमलाई प्रयोगमा ल्याउन सकिनेछ ।

१९) **नियमावली तथा कार्यविधि बनाउन सक्ने:** नगर कार्यपालिकाले यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियमावली तथा कार्यविधिहरु वनाई लागु गर्न सक्नेछ ।

२०) **यसै ऐन बमोजिम भएको मानिने:** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२१) **साबिक बमोजिम हुने:** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२२) **बाधा अड्काउ फुकाउ:** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा शिखर नगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२३) **खारेजी :** साविकमा शिखर नगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

## अनुसूची (१)
## दफा ३ सँग सम्बन्धित

दिर्घ ब.बलायर
नगर प्रमुख

### सम्पत्ति कर तथा मालपोत करको दर

आर्थिक बर्ष २०८१।०८२ देखि घर तथा जग्गाको मूल्यांकनको आधारमा निम्न अनुसार सम्पत्ति कर तथा मालपोत करको असुल गरिनेछ ।

| सि.नं. | करयोग्य सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|---|
| १ | ५ लाख रुपैयासम्मको मूल्यांकनमा | एकमुष्ठ रु १०० |
| २ | १० लाख रुपैयासम्मको मूल्यांकनमा | प्रति लाख रु २० |
| ३ | २० लाख रुपैयासम्मको मूल्यांकनमा | प्रति लाख रु २५ |
| ४ | ३० लाख रुपैयासम्मको मूल्यांकनमा | प्रति लाख रु ३० |
| ५ | ४० लाख रुपैयासम्मको मूल्यांकनमा | प्रति लाख रु ३५ |
| ६ | ५० लाख रुपैयासम्मको मूल्यांकनमा | प्रति लाख रु ४० |
| ७ | ६० लाख रुपैयासम्मको मूल्यांकनमा | प्रति लाख रु ४५ |
| ८ | ७० लाख रुपैयासम्मको मूल्यांकनमा | प्रति लाख रु ५० |
| ९ | ८० लाख रुपैयासम्मको मूल्यांकनमा | प्रति लाख रु ५५ |
| १० | ९० लाख रुपैयासम्मको मूल्यांकनमा | प्रति लाख रु ६० |
| ११ | १ करोड रुपैयासम्मको मूल्यांकनमा | प्रति लाख रु ६५ |
| १२ | १ करोड भन्दा माथीको मूल्यांकनमा | प्रति लाख रु ७० |

**थप व्यवस्था:**

१. सम्पत्तिकर र भूमिकर (मालपोत) लागु हुंनु भन्दा अगाडी लगाईएका घरधुरी कर, मालपोत, एकीकृत सम्पत्ति कर लगायत अन्य खारेज भएका कर तथा शुल्कको बक्यौताको हकमा साविककै व्यवस्था अनुसार कर लाग्नेछ ।

२. सम्पत्ति करकोलागि भवनको क्षेत्रफल कायम गर्दा स्वीकृत नक्शा र निर्माण भएको भवनको क्षेत्रफलमा फरक भएमा निर्माण भएको भवनको क्षेत्रफललाई आधार मानिनेछ । कर तिरेको प्रमाण अन्य कुनै प्रयोजनमा दावि लाग्ने छैन ।

३. संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकार, कुटनैतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी संचालन हुने संघसंस्थाको सम्पत्तिमा यस ऐन बमोजिम कर लिइने छैन । तर लाभको उद्देश्य नराखी संचालन हुने संघसंस्थाहरुलाई भूमिकर (मालपोत) भने छुट हुने छैन ।

४. प्रचलित नेपाल कानुन बमोजिम सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा व्यावसायीक प्रयोजनका लागि भवन निर्माण गरी उपयोग गरेको भए उक्त भवनको मूल्यांकनको आधारमा घरको उपभोग गर्ने व्यक्ति वा संस्थालाई सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।

दिर्घ ब.बलायर
नगर प्रमुख

अनुसूची (२)
दफा ३ सँग सम्बन्धित

## घरको मूल्यांकन दर

| क.सं | घरको बनौट | मुल्यांकन दर प्रति वर्गफुट रु. |
|---|---|---|
| १ | ईटमा माटोको जोडाई भएको वा काठैकाठ वा जस्ताको बेरा बाट बनेको र जस्ता, झिंगटी, टायल, एसबेस्टसको छाना भएको घर | ३०० |
| २ | पाको ईट वा ढुङ्गामा माटोको जोडाई भई छाना ढलान (आर.सि.सि. वा आर.वि.सि.) गरीएको | ५०० |
| ३ | पाको ईट वा ढुङ्गामा सिमेन्टको जोडाई भई छाना ढलान (आर.सि.सि. वा आर.वि.सि.) गरीएको | ६०० |
| ४ | स्टील फेम स्ट्रक्चर, फाइबर बि जस्ता संरचना | ८०० |
| ५ | आर.सि.सि. फेम स्ट्रक्चरको घर | १००० |

अनुसूची (३)
दफा ३ सँग सम्बन्धित

## घरको ह्रासकट्टी दर

| क.सं | घरको बनौट | प्रति वर्ष ह्रास कट्टी दर | ह्रासकट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| १ | ईटमा माटोको जोडाई भएको वा काठैकाठ वा जस्ताको बेरा बाट बनेको र जस्ता, झिंगटी, टायल, एसबेस्टसको छाना भएको घर | ३ प्रतिशत | २५ वर्ष |
| २ | पाको ईट वा ढुङ्गामा माटोको जोडाई भई छाना ढलान (आर.सि.सि. वा आर.वि.सि.) गरीएको | २ प्रतिशत | ३५ वर्ष |
| ३ | पाको ईट वा ढुङ्गामा सिमेन्टको जोडाई भई छाना ढलान (आर.सि.सि. वा आर.वि.सि.) गरीएको | १ प्रतिशत | ७० वर्ष |
| ४ | स्टील फेम स्ट्रक्चर, फाइबर बि जस्ता संरचना | १ प्रतिशत | ७० वर्ष |
| ५ | आर.सि.सि. फेम स्ट्रक्चरको घर | ०।७५ प्रतिशत | १०० वर्ष |



CamScanner

अनुसूची (४)
दफा ४ सँग सम्बन्धित
जग्गाको मूल्यांकन दर

जग्गाको मूल्यांकन दर भूमिकर (मालपोत) प्रयोजनको लागि मालपोत कार्यालय डोटीबाट निर्धारित गरिएको न्यूनतम दररेट बमोजिम निर्धारण गरिनेछ।

| हालको वडा नं. | साविक | | खेत तर्फ (प्रति रोपनी रु हजारमा | | | | पाखो तर्फ (प्रति रोपनी रु हजारमा | | | | सडकको दायाँ/वाँया (प्रति रोपनी रु हजारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गा.वि.स./न.पा. | वडा नं | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार | राजमार्ग | पक्की | ग्रावेल | कच्ची | गोरेटो/घोरेटो |
| १ | कपल्लेकी | १-६ | ६१ | ५७ | ५२ | ४८ | ६५ | ५२ | ४९ | ४६ | ९०० | ० | ३४५ | २८६ | ११० |
| | | ७-९ | ६३ | ५९ | ५४ | ५० | ५८ | ५४ | ५१ | ४८ | | | | | |
| २ | मुडेगाउँ | १-९ | ८२ | ८० | ७८ | ७५ | ७९ | ७६ | ७४ | ७१ | ९०० | ० | ३४५ | २८६ | १२१ |
| ३ | मुडभरा | २ र ९ | ७६ | ७१ | ६९ | ६५ | ७० | ६७ | ६३ | ६० | ९०० | ० | ३४५ | २८६ | १२१ |
| ४ | मुडभरा | १,३,४ देखी ८ | ७५ | ७१ | ६९ | ६५ | ७० | ६७ | ६३ | ६० | ० | ० | ३४५ | २८६ | १२१ |
| ५ | तिजाली | १ देखी ९ | ५३ | ५० | ४७ | ४३ | ४९ | ४७ | ४५ | ४२ | ० | ० | ३४५ | २८६ | ११० |
| ६ | पचनाली | १ देखी ९ | ७९ | ७६ | ७४ | ७१ | ६३ | ६० | ५७ | ५३ | ९०० | ० | ३४५ | २८६ | १२१ |
| ७ | लाटामाण्डौं | १ देखी ७ | ७४ | ७१ | ६९ | ६५ | ६५ | ६० | ५७ | ५२ | ० | ० | ३४५ | २८६ | १२१ |
| ८ | लाटामाण्डौं | ८ देखी ९ | ७६ | ७३ | ७१ | ६९ | ७० | ६८ | ६५ | ६३ | ९०० | ० | ३४५ | २८६ | १२१ |

दिर्घ ब. बलायर
नगर प्रमुख

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | जिजोडामाण्डौ | १,२,३,७,९ | ६० | ५४ | ४९ | ४५ | ४७ | ४६ | ४५ | ४२ | ० | ० | ३४५ | २८६ | ११० |
| | | ४,५,६,८ | ६२ | ५८ | ५४ | ४९ | ४९ | ४७ | ४६ | ४३ | | | | | |
| १० | वनलेक | ३,४,५,७,९ | ८२ | ७६ | ७१ | ६९ | ७१ | ६५ | ६० | ५४ | ९०० | ० | ३४५ | २८६ | १२१ |
| | | १,२,६,८ | १२३ | ११६ | १०९ | १०३ | ११६ | १०९ | १०३ | ९६ | | | | | |
| ११ | वारपाटा | १,५,६,९ | ७१ | ६८ | ६५ | ६२ | ६५ | ६३ | ६० | ५८ | ० | ० | २३० | १६५ | ११० |
| | | २,३,४,७,८ | ८२ | ७९ | ७६ | ७३ | ७६ | ७४ | ७१ | ६९ | | | | | |

दिर्घ ब.बलायर
नगर प्रमुख

## अनुसूची (५)
### दफा ५ सँग सम्बन्धित
### बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक तबरले बहाल दिएकोमा निम्न अनुसार बहाल कर असुल उपर गरिनेछ :

१. बहालमा दिएमा बहाल अंकको १० प्रतिशतका दरले,

## अनुसूची (६)
### दफा ५ सँग सम्बन्धित
### घर जग्गा बहाल करकालागि न्यनतम मूल्यांकन दर

बहाल कर निर्धारणको लागि बहाल अंकको मूल्यांकन निम्न अनुसार हुनेछ:

| क.सं. | क्षेत्र | घरायसी प्रयोजन रु | व्यवसायीक प्रयोजन रु |
|---|---|---|---|
| १ | राजमार्गले छोएका क्षेत्रमा रहेका सटर तथा कोठाहरु | | |
| | अ. प्रति महिना प्रति सटर । | १०००। | २५००। |
| | आ. प्रति महिना प्रति कोठा । | ७००। | १०००। |
| २ | अन्य क्षेत्रमा रहेका सटर तथा कोठाहरु | | |
| | अ. प्रति सटर प्रति महिना । | ५००। | १०००। |
| | आ. प्रति महिना प्रति कोठा । | ३००। | ५००। |

१. लेखा परीक्षण गराई कर दाखिला गर्ने दायित्व भएका संगठित संस्था, कम्पनी तथा कार्यालयहरुलाई दिएको बहाल रकमको निर्धारण घरधनीले निजहरुसंग गरेको संझौता बमोजिम हुनेछ ।

२. घरधनीले बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक रुपमा बहाल कर बुझाउनु पर्नेछ ।

३. करदाताले उपलब्ध नगरपालिकालाई स्वघोषणा गरी उपलब्ध गराएको विवरणको आधार तथा वा वहाल संझौतामा उल्लेख भए बमोजिम वहाल रकम निर्धारण गरी बहाल कर असुल हुनेछ । तर, नगरपालिकाले तोकेको न्यूनतम मासिक वहाल दर भन्दा कम रकम उल्लेख भएको अवस्थामा नगरपालिकाले तोकेको न्यूनतम माशिक वहाल दर अनुसार मूल्यांकन गरी बहाल कर असुल गरिने छ ।

दिर्घ ब. वलायर
नगर प्रमुख



CamScanner

अनुसूची (७)

दफा ६ सँग सम्बन्धित

## व्यवसाय करको दर

आ.व. २०८१।०८२ को लागि व्यवसाय करको वार्षिक दर्ता तथा नविकरण दर निम्न अनुसार हुनेछ।

| क.स | व्यवसायको किसिम | व्यवसाय दर्ता | | व्यवसाय नविकरण | |
|---|---|---|---|---|---|
| | | थोक विक्रेता | खुद्रा विक्रेता | थोक विक्रेता | खुद्रा विक्रेता |
| १ | **व्यापारिक वस्तु** | | | | |
| १.१ | खाद्यान्न किराना पसल ( डिरल र खुद्रा) | २५०० | १००० | १८७५ | ७५० |
| १.२ | कपडा पसल (थोक एवं खुद्रा) | २५०० | १००० | १८७५ | ७५० |
| १.३ | पेट्रोल पम्प | | ३००० | | २२५० |
| १.४ | विद्युत सामान तथा विद्युतीय सामग्री टि.भि घडी रेडियो विक्रि | १५०० | १००० | ११२५ | ७५० |
| १.५ | निमार्ण सामग्री | ३००० | २००० | २२५० | १५०० |
| १.६ | सुनचाँदी पसल (ज्वेलेरी) | | २५०० | ० | १८७५ |
| १.७ | फेन्सी पसल | २००० | १००० | १५०० | ७५० |
| १.८ | उनी धागो पसल | १५०० | ५०० | ११२५ | ३७५ |
| १.९ | जुत्ता चप्पल पसल | १५०० | १००० | ११२५ | ७५० |
| २ | **मर्मत संभार** | | | | |
| २.१ | रेडियो टि.भि.घडी, प्रेसर कुकर, हिटर टेलीफोन सेट, पंखा तथा स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र | १५०० | १००० | ११२५ | ७५० |
| २.२ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटरसाइकल, टेम्पो, साईकल ममैत कारखाना तथा टायर मर्मत केन्द्र | १५०० | १००० | ११२५ | ७५० |
| ३ | **सेवा उद्योग** | | | | |
| ३.१ | ड्राइभिङ इन्टिच्यूट | | १००० | | ७५० |
| ३.२ | चलचित्र मन्दिर | | १००० | | ७५० |
| ३.३ | छापाखाना | | १००० | | ७५० |
| ४ | **कृषि तगा वनजन्य उद्योग** | | | | |
| ४.१ | वन पैदावरमा आधारित उद्योग | | ३००० | | २२५० |
| ४.२ | कुटानी पिसानी मिल | | १००० | | ७५० |
| ४.३ | कृषि तथा पशु व्यावसायीक फर्म | | १००० | | ७५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | **उत्पादन मुलक उद्योग** | | | | |
| ५.१ | पाउरोटी भण्डार | | १५०० | | ११२५ |
| ५.२ | आइसक्रिम उद्योग तथा पसल | | २००० | | १५०० |
| ६ | **वित्तीय सेवा** | | | | |
| ६.१ | राष्ट बैंकबाट क वर्गको मान्यता प्राप्त बैंक | | ७५०० | | ५६२५ |
| ६.२ | ख, ग, र घ श्रेणीको वित्तीय संस्था, लघु वित्त संस्था ,र सहकारी संस्था | | ५००० | | ३७५० |
| ६.३ | रेमिटेन्स सेवा | | २००० | | १५०० |
| ७ | **स्वास्थ्य सेवा** | | | | |
| ७.१ | निजी तथा गैर सरकारी अस्पताल | | ४००० | | ३००० |
| ७.२ | नर्सिङ होम | | ३००० | | २२५० |
| ७.३ | आयुवेद, क्लिनिक तथा ल्याव | | २००० | | १५०० |
| ७.४ | डेन्टल ल्याब वा क्लिनिक | | २००० | | १५०० |
| ८ | **शिक्षा सेवा** | | | | |
| ८.१ | निजि क्षेत्रका बोर्डिङ स्कुल मा. वि | | ७००० | | ५२५० |
| ८.२ | निजि क्षेत्रका बोर्डिङ स्कुल प्रा.वि | | ५००० | | ३७५० |
| ८.३ | टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | | २००० | | १५०० |
| ८.४ | सिलाई, बुनार्य, पेन्टिङ, कटिङ, प्रशिक्षण | | १००० | | ७५० |
| ८.५ | टेकिनकल इन्टिच्युट | | ३००० | | २२५० |
| ९ | **निर्माण व्यवसायी वर्ग क, ख, ग, घ को इजाजत पत्र प्रदान तथा नविकरण दस्तुर** | क्रमश: २५,०००, २०,०००, १७,००० र १५,००० | | क्रमश: २००००, १५,०००, १२,००० र १०,००० | |
| १० | **संचार सेवा** | | | | |
| १०.१ | निजी क्षेत्रका कुरियर, फ्याक्स, इमेल, इन्टरनेट र टेलिफोन | | १५०० | | ११२५ |
| ११ | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | | |
| ११.१ | चिकित्सक विशेषज्ञ (स्व. सहायक, कविराज) | | १५०० | | ११२५ |
| ११.२ | ल फर्म | | १५०० | | ११२५ |
| ११.३ | कन्सल्टेन्सी फर्म | | २००० | | १५०० |
| ११.४ | ज्योतिश | | ५०० | | ३७५ |
| १२ | **साना उद्योग** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२.१ | ग्रिल उद्योग | | ३,००० | | २२५० |
| १२.२ | ब्लक उद्योग | | ३००० | | २२५० |
| १२.३ | अन्य उद्योग | | २,००० | | १५०० |
| १३ | **पर्यटन उद्योग** | | | | |
| १३.१ | होमस्टे | | १,५०० | | ११२५ |
| १३.२ | साधरण होटल र लज | | १,५०० | | ११२५ |
| १३.३ | रेष्टुरेन्ट -म:म, तास, सेकुवा) | | २५०० | | १८७५ |
| १३.४ | तारे होटल | | १०००० | | ७५०० |
| १४ | **अन्य सेवा** | | | | |
| १४.१ | विविध श्रीङ्गार पसल (थोक, खुद्रा) | १५०० | १००० | ११२५ | ७५० |
| १४.२ | फर्नीचर पसल | २५०० | १५०० | १८७५ | ११२५ |
| १४.३ | भाडा र गिफ्ट पसल (थोक, खुद्रा) | २५०० | १५०० | १८७५ | ११२५ |
| १४.४ | पुस्तक तथा पत्रिका पसल | २००० | १००० | १५०० | ७५० |
| १४.५ | नर्सरी र फलफुलका विरुवा विक्रि वितरण | १५०० | ७०० | ११२५ | ५२५ |
| १४.६ | संस्थागत पेन्टर | १००० | ५०० | ७५० | ३७५ |
| १४.७ | तरकारी पसल | ५०० | ३०० | ३७५ | २२५ |
| १४.८ | मासु पसल | १००० | ५०० | ७५० | ३७५ |
| १४.९ | कपडा सिलाई | ५०० | ३०० | ३७५ | २२५ |
| १४.१० | हेयर कटिङ | ५०० | २०० | ३७५ | १५० |
| १४.११ | आर्ट | ५०० | ३०० | ३७५ | २२५ |
| १४.१२ | फोटो स्टूडियो | ४०० | २०० | ३०० | १५० |
| १४.१३ | रंग रोगन | ५०० | ३०० | ३७५ | २२५ |
| १४.१४ | चश्मा पसल | ५०० | ३०० | ३७५ | २२५ |
| १४.१५ | चिया नास्ता पसल | १००० | ५०० | ७५० | ३७५ |
| १५ | **अन्य व्यवसाय** | | | | |
| १५.१ | कवडी सामानको बिक्रेता | | ५००० | | ३७५० |
| १५.२ | जडिबुटी तथा पशुजन्य वस्तुको कारोवार | | २,५०० | | १८७५ |

## अनुसूची (८)
### दफा १० सँग सम्बन्धित
### बहाल बिटौरी कर

| क.स | बहाल बिटौरी करको किसिम | रकम रु. | कै. |
|---|---|---|---|
| १ | घुम्ती पसल बहाल बिटौरी कर बार्षिक | ३००। | |
| २ | कच्ची घर तथा टहरा बहाल बिटौरी कर बार्षिक | १५००। | |
| ३ | पक्की घर बहाल बिटौरी कर बार्षिक | २०००। | |

## अनुसूची (९)
### दफा ८ सँग सम्बन्धित
### जडीबुटी, कवाडी र जीवजन्तु करको दर

१. तोकिएको नदी तथा खोलामा माछा मारी बिक्री वितरण गर्ने इजाजत वापत बार्षिक न्यूनतम रु ७०५०० (सत्तरी हजार पाँच सय) कर लगाई असूल उपर गरिने छ।

२. कवाडी मालसामान खरिद बिक्री गर्ने इजाजत वापत बार्षिक न्यूनतम रु १००,०००(एक लाख) कर लगाई असूल उपर गरिनेछ।

४. तोकिएका क्षेत्रमा प्रतिस्प्रधात्मक प्रणाली अवलम्बन गरी माथिका दफा १ र २ को कर संकलन गर्ने इजाजत प्रदान गरिने छ।

## अनुसूची (१०)
### दफा १० सँग सम्बन्धित
### सवारी साधन कर ( साना सवारी ) ११४५१

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | दर्ता शुल्क | २५००। |
| २ | वार्षिक नविकरण शुल्क | २०००। |
| ३ | नामसारी शुल्क | १०००। |

## अनुसूची (११)
### दफा ११ सँग सम्बन्धित
### प्राकृतिक स्रोत साधन विक्रीको दर

| सि.न. | विवरण | विक्री दर रु |
|---|---|---|
| १ | गिटी ढुंगा बालुवा (प्रति ट्रक, टिप्पर) | १५००। |
| २ | गिटी ढुंगा बालुवा (प्रति मिनी ट्रक, टिप्पर) | ७००। |
| ३ | गिटी ढुंगा बालुवा (प्रति ट्याक्टर ) | ५००। |
| ४ | कालीमाटी तथा रातो माटो (ट्रक) | ५००। |
| ५ | कालीमाटी तथा रातो माटो (प्रति मिनी ट्रक, टिप्पर) | २५०। |

| | | |
|---|---|---|
| ६ | कालीमाटी तथा रातो माटो (पावर टिलर) | १००। |
| ७ | सल्लाको काकाकावन (खोटो) | प्रति केजि रु २ |

१. प्राकृतिक स्रोत नगरपालिकाले तोकेको क्षेत्र तथा परिमाणमा मात्र उत्खनन गर्न पाईने छ।

२. नगरपालिकाको इजाजत विना कसैले पनि प्राकृतिक स्रोत संकलन तथा विक्री वितरण गर्न पाउने छैन।

३. सार्वजनिक वा निजि जग्गाबाट बहुमुल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्वका शिला र अति मुल्यवान बस्तु, चुनढुङ्गा उत्खनन वा संकलन गर्न पाईने छैन।

# प्रशासनिक सेवा शुल्क

## अनुसूची (१२)
### दफा ९ सँग सम्बन्धित
### न्यायिक दस्तुर

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | उजुरी दर्ता दस्तुर | नि:शुल्क |
| २ | प्रतिवाद दस्तुर | नि:शुल्क |
| ३ | नक्कल दस्तुर प्रति पाना | १०। |
| ४ | मिलापत्र दस्तुर | नि:शुल्क |
| ५ | वकालत सम्वन्धि इजाजत पत्र दस्तुर | नि:शुल्क |
| ६ | अन्य न्यायिक दस्तुर | नि:शुल्क |

## अनुसूची (१३)
### दफा ९ सँग सम्बन्धित
### परीक्षा शुल्क १४२२४

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | परिक्षा आवेदन दस्तुर अधिकृत स्तर | १५००। |
| २ | परिक्षा आवेदन दस्तुर सहायक स्तर | १०००। |
| ३ | परिक्षा आवेदन दस्तुर श्रेणी विहिन | ५००। |

## अनुसूची (१४)
### दफा ९ सँग सम्बन्धित
### अन्य प्रशासनिक सेवा शुल्क १४२२९

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| | | नि:शुल्क |
| १ | निवेदन दस्तुर | १०००। |
| २ | दरभाउपत्र फारम विकी | ३०००। |
| ३ | बोलपत्र फारम विकी | १०००। |
| ४ | नक्सापास किताव विकी | |



CamScanner

## दस्तुर

### अनुसूची (१५)
### दफा १२ सँग सम्बन्धित
### नक्सापास दस्तुर १४२४२

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | नक्सापास दस्तुर आवासिय घर | अनुसुचि १६ को क अनुसार |
| २ | नक्सापास दस्तुर व्यवसायिक घर | अनुसुचि १६ को अनुसार |
| ३ | भवन अभिलेखिकरण | अनुसुचि १६ को ख अनुसार |
| ४ | नक्सा प्रमाणिकरण | ५००। |
| ५ | नक्सा नापजाँच शुल्क | २०००। |
| ६ | नक्साको प्रतिलिपि | ५००। |
| ७ | नक्सा संशोधन दस्तुर | प्रति वर्गफिट रु ५। |

### अनुसूची (१६)
### दफा १२ सँग सम्बन्धित
### नक्सा पास दस्तुरको दर

१. आ.व २०८१।०८२ को लागि नक्सापास दस्तुरको दर निम्न अनुसार हुनेछ:

| स्थान | पिल्लर सिस्टमको आरसिसि घरको तल्ला | प्रति वर्गफिट रु. | |
|---|---|---|---|
| | | आवासिय घर | व्यवसायिक घर |
| (क) नयाँ घर नक्सापास दस्तुर | | १०। | १२। |
| पक्की सडक राजमार्ग | भुइ तला | ८। | १०। |
| | पहिलो तला | ८। | १०। |
| | दोस्रो तला र सो भन्दा माथि | ७। | ९। |
| शाखा पिच सडक | भुइ तला | ५। | ७। |
| | पहिलो तला | ५। | ७। |
| | दोस्रो तला र सो भन्दा माथि | ५। | ७। |
| शाखा सडक ग्राभेल | भुइ तला | ४। | ६। |
| | पहिलो तला | ४। | ६। |
| | दोस्रो तला र सो भन्दा माथि | | |
| (ख) पुराना घरको नक्सा अभिलेखिकरण दस्तुर | | ८। | |
| सबै क्षेत्रमा | भुइ तला | ७। | |
| | पहिलो तला | ७। | |
| | दोस्रो तला र सो भन्दा माथि | | |

अन्य घरहरुको हकमा: पिल्लर सिस्टमको आर.सि.सि. घर वाहेक अन्य किसिमका घरहरुको हकमा नक्सापास दस्तुर माथि उल्लेखित दरको आधा हुनेछ।

अनुसूची (१७)
दफा १२ सँग सम्बन्धित
सिफारिश दस्तुर १४२४३

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | चार किल्ला प्रमाणित दस्तुर | २००। |
| २ | घरजग्गा नामसारी | २५०। |
| ३ | नागरिकता सिफारिश | ५०। |
| ४ | नागरिकताको प्रतिलिपि सिफारिश | १५०। |
| ५ | अंगीकृत नागरिकता सिफारिश | १००। |
| ६ | अङ्गीकृत नागरिकता प्रतिलिपि सिफारिस | ३००। |
| ७ | अंश बण्डा सिफारिश | ५००। |
| ८ | संघ/संस्था दर्ता सिफारिश दस्तुर | १०००। |
| ९ | संस्था/संस्था नविकरण सिफारिश दस्तुर | २५०। |
| १० | घर कायम सिफारिश दस्तुर | १५०। |
| ११ | वहालकरको लेखाजोखा सिफारिस | ५००। |
| १२ | मोही लगत कट्टा | १५०। |
| १३ | घर जग्गा करको लेखाजोखा | २५०। |
| १४ | व्यापार व्यवसाय बन्द/सन्चालन नभएको वा हुँदै नभएको सिफारिस | २५०। |
| १५ | निसशुल्क स्वास्थ्य उपचारको सिफारिस | नि:शुल्क |
| १६ | अंग्रेजी भाषामा सिफारिस र प्रमाणित गर्ने | ५००। |
| १७ | घर पाताल प्रमाणित गर्ने | १५० |
| १८ | कुनै व्यक्तिको नाम थर जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने | १५०। |
| १९ | नाम थर जन्म मिति संसोधनको सिफारिस | १५०। |
| २० | जग्गा धनी प्रमाणपुर्जा हराएको सिफारिस गर्ने | १५०। |
| २१ | कित्ताकाट गर्न सिफारिस गर्ने | १५०। |
| २२ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | १५०। |
| २३ | जीवित रहेको सिफारिस | १५०। |
| २४ | जग्गा नामसारी गर्न सिफारिस | १५०। |
| २५ | जग्गाको हक सम्बन्धमा सिफारीस | १५०। |
| २६ | उद्योग ठाउँसारी सिफारिस | १०००। |
| २७ | आधारभुत विद्यालय खोल्न सिफारिस | १०००। |
| २८ | जग्गा मूल्याङ्कन सिफारिस | २००। |
| २९ | विद्यालयको कक्षा थप गर्न सिफारिस | ५००। |
| ३० | असक्त असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस | नि:शुल्क |
| ३१ | आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस | नि:शुल्क |



CamScanner

| | | |
|---|---|---|
| ३२ | विद्यालय सम्बन्धी अन्य सिफारिस | १५०। |
| ३३ | धारा वा विद्युत जडान सिफारिस | १५०। |
| ३४ | जातीय पहिचान र जातीय सिफारिस | १५०। |
| ३५ | घरबाटो प्रमाणित दस्तुर | २००। |
| ३६ | छात्रवृत्ति सिफारिस | नि:शुल्क |
| ३७ | स्थायि बसोवास सिफारिस | १५०। |
| ३८ | प्लटिङ्ग सिफारिस | ५००। |
| ३९ | कित्ताकाट सिफारिस | १५०। |
| ४० | घर ब्लक नं. नामसारी सिफारिस | १५०। |
| ४१ | डिलरसिप सिफारिस | १०००। |
| ४२ | अन्य सिफारिश दस्तुर | १५०। |
| ४३ | मिलापत्रको कागज गराउने निवेदन दर्ता सिफारिस | १५०। |
| ४४ | व्यक्तिगत विवरण प्रमाणीत गर्ने | २००। |
| ४५ | मदिरा विकी इजाजत पत्र दर्ता सिफारिस | १००००। |
| ४६ | **मदिरा विकी इजाजत पत्र नविकरण सिफारिस** | |
| क | कारोवार पुँजि रु १ लाख सम्म भएको | ३५००। |
| ख | कारोवार पुँजि रु १ लाख देखि ५ लाख सम्म भएको | ५०००। |
| ग | कारोवार पुँजि रु ५ लाख देखि १० लाख सम्म भएको | १००००। |
| घ | १० लाख भन्दा माथी | १५०००। |
| ४७ | कागजात र मन्जुरीनामा प्रमाणीत | १५०। |
| ४८ | **उद्योग दर्ता सिफारिस** | |
| क | साना उद्योग | ५००। |
| ख | मझौला उद्योग | १०००। |
| ग | ठुला उद्योग | २०००। |
| ४९ | व्यवसाय दर्ता सिफारिस थोक | १०००। |
| ५० | व्यवसाय दर्ता सिफारिस खुद्र | ५००। |
| ५१ | कृषि तथा पशुपन्छि फर्म दार्ता सिफारिस | १५०। |
| | | २५०। |
| ५२ | विद्यालय ठाँउसारी गर्न सिफारिस | ५००। |
| ५३ | काठको दाउरा कटानी सिफारिस | २००। |
| ५४ | चारित्रिक सिफारिस | ५००। |
| ५५ | निजी तथा सामुदायीक बनको काठ कटानी अनुमति सिफारिस | १५०। |
| ५६ | प्रहरि मुचुल्का सिफारिस | नि:शुल्क |
| ५७ | अपांग परिचय पत्रका लागी सिफारिस | १५०। |
| ५८ | संरक्षक परिवर्त वा कायम सिफारि | ५००। |
| ५९ | योजनाको बैंक खाता खोल्ने सिफारिस | १५०। |
| ६० | योजनाको बैंक खाता बन्द गर्ने सिफारिस | ५००। |
| ६१ | योजनाको भुक्तानी सिफारिस ५ लाख भन्दा तल | १०००। |
| ६२ | योजनाको भुक्तानी सिफारिस ५ लाख भन्दा माथी | २००। |
| ६३ | ग्रेट सिट तथा चारित्रिक प्रमाणपत्र सच्याउने सिफारिस | |



CamScanner

## अनुसूची (१८)
### दफा १२ सँग सम्बन्धित
### व्यक्तिगत घटना दर्ता दस्तुर १४२४४

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता - बसाईसराई | २००। |
| २ | व्यक्तिगत घटना दर्ता - जन्म | २००। |
| ३ | व्यक्तिगत घटना दर्ता - विवाह | २००। |
| ४ | व्यक्तिगत घटना दर्ता - सम्बन्ध विच्छेद | २००। |
| ५ | व्यक्तिगत घटना दर्ता - मृत्यु | २००। |
| ६ | व्यक्तिगत घटना दर्ता - प्रतिलिपि | ५००। |
| ७ | जन्म मिति प्रमाणित गर्ने | २००। |

## अनुसूची (१९)
### दफा १२ सँग सम्बन्धि
### नाता प्रमाणित दस्तुर १४२४५

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | नाता प्रमाणित | २००। |
| २ | नाम फरक | २००। |
| ३ | अविवाहिता प्रमाणित | २००। |
| ४ | मृतकसँगको नाता प्रमाणित तथा सर्जिमित सिफारिस | १५०। |
| ५ | हकवाला र हकदार प्रमाणित | २००। |
| ६ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २००। |
| ७ | विवाहिता प्रमाणीत | २००। |
| ८ | जिवित सँगको नाता प्रमाणित | २००। |
| ९ | अन्य/विविध | १५०। |

## अनुसूची (२०)
### दफा १२ सँग सम्बन्धित
### अन्य दस्तुर १४२४९

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | बन्द घर तथा कोठा खोल्न रोहवर दस्तुर | १०००। |
| २ | तालाबन्दी कोठा खोल्ने सेवा शुल्क दस्तुर | १०००। |
| ५ | होम स्टे दर्ता दस्तुर | १०००। |
| ६ | पिच फोड्ने शुल्क | सडकको नर्म्स अनुसार |
| ७ | टावर दस्तुर | प्रतिटार वार्षिक ५०००। |
| ८ | चलचित्र छायांकन शुल्क | १०००। |
| ९ | विद्युत संरचना र विस्तार दस्तुर | नि:शुल्क |
| १० | खानेपानी पाइपलाइन विस्तार दस्तुर | नि:शुल्क |
| ११ | अमिन सेवा शुल्क | ३०००। |



CamScanner

| | | |
|---|---|---|
| १३ | कृषक समुह दर्ता | १०००। |
| १४ | कृषक समुह नविकरण | ५००। |
| १५ | अन्य दस्तुर | १५०। |
| १६ | पशुपन्छी समुह दर्ता | १०००। |
| १७ | पशुपन्छी समुह नविकरण | ५००। |
| १८ | घरायसी लेनदेनको कागज रोहवर प्रमाणित शुल्क | ५००। |
| १९ | **आय प्रमाणित दस्तुर** | |
| क | रु १० लाख सम्मको प्रमाणितमा | ५००। |
| ख | रु २० लाख सम्मको प्रमाणितमा | १०००। |
| ग | रु ३० लाख भन्दा माथिको सम्मको प्रमाणितमा | १५००। |
| २० | सम्पत्ति मुल्यांकन | |
| क | १० लाख सम्मको | ५०००। |
| ख | १० लाख भन्दा माथी ५० लाख सम्म | ८०००। |
| ग | ५० लाख भन्दा माथी १ करोड सम्म | १००००। |
| घ | १ करोड भन्दा माथी | ०.१५ प्रतिशत |
| २१ | सर्जमिन मुचुल्का गरेको शुल्क | १५०। |
| २२ | **समुदायिक विद्यालयको संचालन अनुमति दस्तुर** | |
| क | वाल वकिास केन्द्र संचालन अनुमति | १०००। |
| ख | आधारभूत विद्यालय संचालन अनुमति | २०००। |
| ग | माध्यमिक विद्यालय संचालन अनुमति | ५०००। |
| घ | स्नातकर र स्नातकोत्तर संचालन अनुमति | ८०००। |
| २३ | **निजी विद्यालयको संचालन अनुमति दस्तुर** | |
| क | वाल वकिास केन्द्र संचालन अनुमति | २०००। |
| ख | आधारभूत विद्यालय संचालन अनुमति | ५०००। |
| ग | माध्यमिक विद्यालय संचालन अनुमति | ८०००। |
| घ | स्नातकर र स्नातकोत्तर संचालन अनुमति | १२०००। |
| २४ | **उपचार सेवा** | २०। |
| २४.१ | गाई/भैंसी | १०। |
| २४.२ | बाखा/भेडा/बंगुर/खरायो | १०। |
| २४.३ | कुखुरा/हाँस तथा अन्य पशुपंछी | ५०। |
| २४.४ | कुकुर विरालो | १००। |
| २४.५ | घोडा हात्ति बादर तथा अन्य बन्यजन्तु | |
| २५ | **प्रयोगशाला सेवा** | २०। |
| २५.१ | गोबर पिसाब परिक्षण | |

| | | |
|---|---|---|
| २६ | **माईनर सर्जरी सेवा** | |
| २६.१ | बोका/रांगा/साढे (खसीपार्ने) | १५०। |
| २७ | **प्रजनन सेवा** | |
| २७.१ | कृतिम गर्भाधान गाई/भैसी | ५०। |
| २८ | अन्य दस्तुर | २५०। |

**सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय १४१५१**

**अनुसूची (२१)**

**दफा १३ सँग सम्बन्धित**

**सम्पत्ति वहालको दर**

नगरपालिकाको स्वामित्वमा रहेको जग्गा, भवन तथा मेसिनरी औजारको न्यूनतम बहाल निम्न अनुसार हुनेछः

| क्र.सं. | नगरपालिकाको सम्पत्ति | न्यूनतम बहाल रु |
|---|---|---|
| १. | सभाहल प्रति दिन | २०००। |
| २. | टिपर प्रति दिन | ७०००। |
| | **टिपर भाडाका सर्तहरुः**<br>क) कार्यालयवाट हिडेपछि दिनको गणना हुनेछ ।<br>ख) टिपरको ईन्दन र अन्य आवश्यक वस्तु तथा सामान भाडामा लिनेले नै बेहोर्नु पर्नेछ ।<br>ग) ड्राईभरको खुराकी वापतको दैनिक रु. १००० भाड्डामा लिनेले ड्राईभरलाई नै दिनु पर्नेछ ।<br>घ) १ दिन भन्दा कम अवधिको लागि भाडामा दिईने छैन । | |
| ३. | **नगर वसको भाडा प्रति व्यक्ती तथा यात्रा गरेको दुरीको आधारमा** | |
| क | दिपायल देखि कुलपात | रु.१०। |
| ख | दिपायल देखि समुहगाड | रु.२०। |
| ग | दिपायल देखि गेरुपानी | रु.३०। |
| घ | दिपायल देखि कालागाड | रु.४०। |
| ङ | दिपायल देखि अडेवल | रु.५०। |
| च | दिपायल देखि लुहाखडी | रु.६०। |
| छ | दिपायल देखि डोकेवजार | रु.७०। |
| ज | दिपायल देखि गोपघाट | रु.८०। |
| झ | दिपायल देखि वानेडुग्रसैन | रु.९०। |
| ञ | दिपायल देखि कोराल | रु.१००। |
| ट | कोराल देखी वानेड्ग्री सैन | रु १०। |
| ठ | कोराल देखी गोपघाट | रु २०। |
| ड | कोराल देखी डोकेवजार | रु ३०। |
| ढ | कोराल देखी लुहाखडी | रु.४०। |
| ण | कोराल देखी अडेवल | रु.५०। |
| त | कोराल देखी कालागाड | रु.६०। |
| थ | कोराल देखी गेरुपानी | रु.७०। |
| द | कोराल देखी समुहगाड | रु.८०। |
| ध | कोराल देखी कुलपाते | रु.९०। |
| न | कोराल देखी दिपायल | रु.१००। |
| ४ | एम्बुलेन्सको भाडा | तोकिए बमोजिम । |

## अनुसूची (२२)
### दफा १४ सँग सम्बन्धित
### दण्ड जरिवाना

| क्र.सं | विवरण | जरिवानाको रकम वा प्रतिशत |
|---|---|---|
| १. | नगरपालिकालाई बुझाउनु पर्ने सबै प्रकारका कर, शुल्क, भाडा तथा बहाल रकम सोही आर्थिक बर्ष भित्र नबुझाएमा त्यसपछि वार्षिक | १५ प्रतिशत |
| २. | निर्माण सामग्रीहरु बिना अनुमति तथा कुनै पनि प्रयोजनको लागि सडक वा पेटीमा आवागमन गर्न अवरोध श्रृजना गरेमा उक्त सामग्रीहरु लाई उठाई आम्दानी वाधी दण्ड जरिवाना गर्ने । | सामग्रीको मात्रा अनुसार रु ३००० देखि रु १००००० सम्म |
| ३. | नाफामुलक सहकारी संस्थाले नियमित वार्षिक, तथा लेखा परिक्षण प्रतिवेदन तोकेको समयमा नबुझाएमा | प्रत्येक पटक रु १०००। |
| ४. | नक्सापास नगरी घर बनाएमा प्रति वर्गफुट जरिवाना थप<br>क. आर.सि.सि. घरको<br>ख. अन्य घरको लागि | <br>रु ५।<br>रु २। |
| ५. | कर सम्वन्धी झुटो विवरण दाखिला गरेमा | कर रकमको ५० प्रतिशत |
| ६. | प्राकृतिजन्य सामानहरु जस्तै गिटी, वालुवा, ढुंगा, माटो आदि सामानको लागि अनुमति वेगर उत्खनन् तथा वसार प्रसार गरेको पाइएमा ।<br>क. मेशिनरि औजार तथा जेसिभि सार्वजनिक जग्गामा प्रयोग गरेको<br>ख. मेशिनरि औजार तथा जेसिभि व्यक्तिगत जग्गामा प्रयोग गरेको<br>ग. मिनि ट्रक, सानो टिपर, ट्याक्टरको लागि पहिलो पटकको लागि<br>घ. ट्रकको लागि पहिलो पटक<br>ङ ठुलो ट्रिप्परको लागि पहिलो पटक<br>च. दोस्रो पटक देखिको लागि सबैमा सामान जफत सहित दोब्बर असुल गर्ने | <br>रु २० हजार<br>रु १० हजार<br>रु ५ हजार<br>रु ६ हजार<br>रु ७ हजार<br>रु ७ हजार |

## अनुसूची (२३)
### कर तथा शुल्कको छुट तथा सहुलियत
### दफा १५ सँग सम्बन्धित

| क्र.सं | विवरण | छुट दिइने क्षेत्र | छुटको प्रतिशत |
|---|---|---|---|
| १ | उद्योग तथा होटल निर्माणमा | नक्सापास दस्तुर | ५० प्रतिशत |
| २ | महिलाको स्वामित्वमा व्यवसाय सञ्चालन गरेमा | व्यवसाय कर | ५० प्रतिशत |
| ३ | फरक क्षमता (अपाङ्गता) भएका तथा दलित बर्गका व्यक्तिले व्यवसाय संचालन गरेमा | व्यवसाय कर | ५० प्रतिशत |

CamScanner